८६

# राष्ट्रिय सूचना आयोग

का. म. न. पा.-१०, देवीनगर, बानेश्वर

प. सं. ०७४/७५

च. नं. ९८८........

मिति २०७४।०९।१७

**विषय :- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २० बमोजिम अधिकार प्रत्यायोजन गरिएको ।**

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, रुकुम (पूर्वी भाग)

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटा र सूचना आयुक्तद्वय श्री किरणकुमार पोखरेल तथा श्री यशोदादेवी तिम्सिनाको उपस्थितिमा सम्पन्न आयोगको मिति २०७३।१।३१ को बैठकद्वारा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २० मा उल्लेखित 'आयोगले आफ्नो दफा १० बमोजिम पुनरावेदनको कारवाही र किनारा गर्ने अधिकार बाहेक अन्य काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख सूचना आयुक्त, सूचना आयुक्त वा कुनै निकाय वा अधिकारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ' भन्ने व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन र नियमावलीमा उल्लेखित विभिन्न प्रावधान र व्यवस्थाको सुव्यवस्थित कार्यान्वयन गर्न तहाँ प्रमुख जिल्ला अधिकारीलाई अधिकार प्रत्योजन गर्ने सम्बन्धमा आयोगको बैठकबाट अर्को आदेश वा निर्णय भएका बखत सोही अनुसार हुने गरी हाललाई निम्नानुसारको ३ बुदामा तहाँलाई अधिकार प्रत्यायोजन गरिएकोले आफूलाई प्राप्त अधिकार सुव्यवस्थित ढंगले कार्यान्वयन गरी भए गरेको मुख्य मुख्य क्रियाकलाप झल्किने गरी प्रत्येक ३/३ महिनाको १५ गते भित्र आयोगमा प्रगति विवरण पठाउने व्यबस्था हुन अनुरोध छ ।

१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक तीन/तीन महिनामा स्वत:प्रकाशन (Pro-Active Disclosure) नियमित प्रकाशन गर्न तहाँ जिल्लाका सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरुलाई आदेश दिने ।
२. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४क बमोजिम तहाँ जिल्लाका सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थानमा सूचना अधिकारी तोक्न र तहाँ पदाधिकारीको नाम, सर्म्पक र फोटो सहित विवरण फ्लेक्स वोर्ड (Flex Board) लगायतको उपयुक्त माध्यमद्वारा सार्वजनिक गर्न आदेश दिने ।
३. सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ ख(४) मा सार्वजनिक निकायमा परेको सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयलाई पनि ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने व्यवस्था भए बमोजिम तहाँ जिल्लाका उल्लेखित सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरुमा पर्ने निवेदन र सो बमोजिम सूचना उपलब्ध गराईएको वा इन्कार गरिएको विवरणको छुट्टै अभिलेख राख्न आदेश दिने ।

२०७४।९।१८

(शंकरप्रसाद पाठक)
सचिव

बोधार्थ:
श्री संयोजकज्यू,
सूचनाको हकसम्बन्धी केन्द्रीय समन्वय इकाई तथा,
सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
सिंहदरबार, (आवश्यक सहयोगको लागि)

# राष्ट्रिय सूचना आयोग

का. म. न. पा.-१०, देवीनगर, बानेश्वर

प. सं. ०७४/७५
च. नं. ९८८

मिति २०७४।०९।१७

श्री सचिवज्यू,
गृह मन्त्रालय ,
सिंहदरवार, (आवश्यक सहयोगको लागि)

श्री संयोजकज्यू,
सूचनाको हकसम्बन्धी कार्यान्वयन अनुगमन इकाइ, तथा,
सचिव, सूचना तथा सञ्चार मन्त्रालय,
सिंहदरबार, (आवश्यक सहयोगको लागि)

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
ज़िल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम भाग)